श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन, सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२२ सालको ऐन, नं. १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान-मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

पञ्चायत विकास तथा जग्गा कर लगाउने र असूल उपर गर्ने व्यवस्थाको निमित्त बनेको ऐन

प्रस्तावना:– स्थानीय विकास कार्यमा सकभर स्थानीय साधनहरूलाई नै बढी से बढी मात्रामा परिचालन गरी स्थानीय पञ्चायतहरूलाई बढी सक्षम र सुदृढ गराई आर्थिक विकास गर्न तथा मालपोत व्यवस्थालाई बढी औचित्यपूर्ण गराउन वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:– (१) यस ऐनको नाम पञ्चायत विकास तथा जग्गा कर ऐन, २०२२ रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन झापा जिल्ला अन्तर्गत बुधबारे गाउँ पञ्चायत इलाकामा २०२२ साल श्रावण १ गतेदेखि र श्री ५ को सरकारले नपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य गाउँ पञ्चायत वा नगर पञ्चायत इलाका वा इलाकाहरूमा सोही सूचनामा तोकिएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "जग्गावाला" भन्नाले जग्गावालाको हैसियतले आफ्नो नाममा कुनै जग्गा दर्ता भएको व्यक्ति सम्झनु पर्छ र यस शब्दले देहायको व्यक्तिलाई समेत जनाउँछ,

(१) त्यस्तो जग्गावालाको हकवाला वा अंशियार भएको नाताले वा, त्यस्तो जग्गावालाले कानून बमोजिम आफ्नो हक छोडी दिएकोले सो जग्गा आफ्नो नाममा दर्ता गराउने हक पुगेको व्यक्ति,

(२) त्यस्तो जग्गावालाको हकको जग्गा अरू कसैले भोग दृष्टि बन्धकिमा लिई कानून बमोजिम भोग चलन गरी आएको भए त्यसरी भोग चलन गरूञ्जल सो व्यक्ति ।

(ख) "मोही" भन्नाले मोहीको हैसियतले आफ्नो नाममा कुनै जग्गा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(ग) "कर" भन्नाले यो ऐन बमोजिम लगाइएको पञ्चायत विकास तथा जग्गा कर सम्झनु पर्छ ।

(घ) "कुनै जग्गाका सम्बन्धमा मुख्य वार्षिक उब्जनी" भन्नाले वर्ष भरीमा सो जग्गामा लगाउने वाली मध्ये सबै भन्दा बढी लाभ हुने वालीको उब्जनी सम्झनु पर्छ ।

(ङ) "स्थानीय पञ्चायत" भन्नाले स्थानीय गाउँ पञ्चायत वा नगर पञ्चायत सम्झनु पर्छ ।

(च) "जिमिदारी" भन्नाले जिमदार, पटवारी, तालुकदार, जिम्मावाल, मुखिया, थरी, द्वारे वा अरू कुनै नामबाट एजेण्ट खडा गरी निजद्वारा कानून बमोजिम मालपोत असूल तहसील गरी श्री ५ को सरकारमा दाखिल गर्ने, गराउने व्यवस्था सम्झनु पर्छ ।

३. कर लाग्ने जग्गाः– (१) यो ऐन प्रारम्भ भएपछि स्थानीय पञ्चायतले आफ्नो इलाकाभित्रका प्रत्येक जग्गाका सम्बन्धमा जग्गावाला र मोहीलाई दफा ४ बमोजिमको कर लगाई असूल उपर गर्नेछ ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर– देहायका जग्गाका जग्गाबालालाई सो बमोजिम कर लाग्ने छैनः–

(क) पर्ति जग्गा,

(ख) शिक्षण संस्थाको हक वा भोगमा रहेको जग्गा,

(ग) श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको जग्गा, र

(घ) नगर पञ्चायत वा गाउँ सभाले यो ऐन बमोजिमको कर नलाग्ने भनी तोकिदिएको आफ्नो इलाकाभित्रको ताल, पोखरी, वनबाटिका, वा खर खरौट भएको जग्गा वा कुनै सार्वजनिक संस्थाको भोग चलनमा रहेको जग्गा ।

(२) उप–दफा (१)को प्रतिबन्धात्मक वाक्यांश बमोजिम कर नलाग्ने कुनै जग्गा मोहीले कमाएको रहेछ भने सो मोहीलाई दफा ४ बमोजिम कर लाग्ने छ ।

(३) उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानीय पञ्चायतले आफ्नो इलाकाभित्र सो उप–दफा बमोजिम कर नलगाएमा सम्बन्धित जिल्ला पञ्चायतले त्यस्तो कर लगाई असूल उपर गर्न सो पञ्चायतलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सो पञ्चायतको कर्तव्य हुनेछ ।

४. जग्गाबाला र मोहीबाट कर लिइनेः– दफा ३ बमोजिम कर लागेको जग्गाका प्रत्येक जग्गाबाला र मोहीबाट निम्न लेखिए बमोजिम साल वसाली कर लिइने तथा असूल उपर गरिनेछः–

(क) आफ्नो जग्गा आफैले कमाउने जग्गाबालाबाट त्यस्तो जग्गामा हुने मुख्य वार्षिक उब्जनीको ६ छ प्रतिशतका दरले,

(ख) मोहीले कमाएको जग्गाको हकमाः–

(१) जग्गाबालाले वार्षिक उब्जनीको पचास प्रतिशतका दरले कुत लिने गरी आएको रहेछ भने आफूले उठाएको कूत मध्ये मूख्य वार्षिक उब्जनीको १५ पन्ध्र प्रतिशतका दरले जग्गाबालाबाट र आफूले मुख्य वार्षिक उब्जनीमा पाएको हिस्साको ३ तीन प्रतिशतका दरले मोहीबाट,

(२) जग्गाबालाले वार्षिक उब्जनीको पचास प्रतिशत भन्दा घटी कूत लिने गरी आएको रहेछ भने आफूले उठाएको कूत मध्ये मुख्य वार्षिक उब्जनीको १५ पन्ध्र प्रतिशतका दरले जग्गाबालाबाट र आफूले मुख्य वार्षिक उब्जनीमा पाएको हिस्साको ५ पाँच प्रतिशतका दरले मोहीबाट,

५. मालपोत तथा भूमिकर सम्बन्धी व्यवस्थाः– (१) अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ बमोजिम कर तिर्नु पर्ने जग्गाबाला र मोहीबाट मालपोत वा भूमिको आधारमा अन्य कुनै कर लिइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१)मा लेखिए देखि बाहेक अन्य जग्गावालाबाट प्रचलित नेपाल कानून बमोजिमको मालपोत वा भूमिकर असूल उपर गरिने छ ।

(३) अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन लागू भएको पञ्चायतको इलाकामा जिमिदारी कायम रहने छैन र सो पञ्चायतको इलाकामा उप–दफा (२) बमोजिम जग्गावालाबाट असूल गर्नु पर्ने मालपोत वा भूमिकर यो ऐन अन्तर्गतको नियम बमोजिम स्थानीय पञ्चायतले असूल उपर गर्नेछ ।

६. करको निर्धारणः– यो ऐन बमोजिम लाग्ने कर सम्बन्धित मुख्य वार्षिक उब्जनी बाली काट्ने बखत सम्ममा स्थानीय पञ्चायतले निर्धारित गर्नेछ र त्यसरी निर्धारण भएको करको सूचना सम्बन्धित जग्गावाला र मोहीलाई दिनेछ ।

७. कर बुझाउनेः– (१) प्रत्येक जग्गावाला र मोहीले प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तभित्र दफा १० बमोजिम हिसाब गरी नगद रूपमा स्थानीय पञ्चायतमा कर बुझाउनु पर्छ ।

तर––

(क) स्थानीय पञ्चायतले मनासिब सम्झेमा एक महीनामा नबढाई त्यस्तो कर बुझाउने म्याद थप्न सक्ने छ ।

(ख) कुनै वर्ष सो अवधिसम्ममा दफा ६ बमोजिम कर निर्धारण हुन सकेको रहेनछ भने कर निर्धारण सूचना प्राप्त भएको मितिले ३५ दिनभित्र बझाए हुन्छ ।

(२) उप–दफा (१) बमोजिमको म्यादभित्र त्यस्तो कर नबुझाउने व्यक्तिहरूका सम्बन्धमा देहायका कुराहरू खोली स्थानीय पञ्चायतले लगत तयार गरी उप-दफा (१) को प्रतिबन्धात्मक वाक्यांश (क) बमोजिम म्याद बढाइएकोमा जेष्ठ मसान्तसम्ममा र त्यस्तो म्याद नबढाइएकोमा वैशाख मसान्त सम्ममा सम्बन्धित माल अड्डामा पठाई दिनु पर्छ र सो माल अड्डाले पनि सो लगतको आधारमा सो करको रकम प्रचलित नेपाल कानून-बमोजिम मालपोत सरह असूल उपर गरी सो असूल भएको रकम स्थानीय पञ्चायतलाई बुझाई दिनु पर्छः–

(क) कर नबुझाउने जग्गावाला वा मोहीको नाम र वतन,

(ख) जग्गाको कित्ता नम्बर र क्षेत्रफल, र

(ग) असूल गर्नु पर्ने करको रकम ।

८. करको रूपैयाँको उपयोगः– स्थानीय पञ्चायतले यस ऐन बमोजिम असूल भएको करको रूपैयाँको ३५ प्रतिशत सर्वसञ्चित कोषमा, १० दश प्रतिशत जिल्ला सभा कोषमा र बाँकी सम्बन्धित नगर पञ्चायत कोष वा गाउँ सभा कोषमा दाखिल गर्नु पर्छ । सो बमोजिम नगर पञ्चायत वा गाउँ सभा कोषमा दाखिल भएको रूपैयाँको उपयोग यस एन अन्तर्गतको नियममा तोकिए बमोजिम स्थानीय विकास कार्यमा गरिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. अपीलः– दफा ६ बमोजिम स्थानीय पञ्चायतले निर्धारण गरेको करको रकममा कुनै जग्गावाला वा मोहीको चित्त नबुझेमा निजले सो कर निर्धारणको सूचना पाएको मितिले ३५ दिनभित्र जिल्ला पञ्चायत छेउ अपील गर्न सक्नेछ ।

तर दफा १३ बमोजिमको करको हुकमा यो ऐन नेपाल गजेटमा प्रकाशित भएको मितिले ६० दिनभित्र मात्र अपील लाग्न सक्नेछ ।

१०. जिन्सीलाई नगदीमा परिणत गर्नेः– स्थानीय पञ्चायतले प्रत्येक साल जिल्ला पञ्चायतको स्वीकृति लिई खाद्यान्न वा नगदी बालीको दर भाउ पौष मसान्तभित्र तोकी सो दर भाउले करको नगद रकमको हिसाब गर्नेछ ।

११. कर मिह्ना गर्नेः– कुनै वर्ष प्राकृतिक प्रकोपले गर्दा जग्गाको बाली नष्ट भएमा वा बाली हुन नसकेमा स्थानीय पञ्चायत मार्फत् सो कुराको सूचना मार्ग मसान्तसम्ममा सम्बन्धित जिल्ला पञ्चायतलाई दिनु पर्छ र त्यस सम्बन्धमा सो जिल्ला पञ्चायतले पनि स्थानीय पञ्चायत, सम्बन्धित माल अड्डा र जिल्ला पञ्चायत प्रत्यकको १–१ जना प्रतिनिधिको एउटा समिति खडा गरी सो समितिको सिफारिशको आधारमा यो ऐन अन्तर्गतको करको सबै वा केही अंश मिह्ना गर्न सक्ने छ ।

१२. स्थानीय पञ्चायतलाई निर्देशन दिनेः– (१) कुनै स्थानीय पञ्चायतले यस ऐन बमोजिमको आफ्नो कुनै काम कर्तव्यको पालन नगरेमा सम्बन्धित जिल्ला पञ्चायतले सो पञ्चायतलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सो स्थानीय पञ्चायतको कर्तव्य हुनेछ ।

(२) कुनै स्थानीय पञ्चायत वा जिल्ला पञ्चायतले यस ऐन बमोजिमको आफ्नो कुनै काम कर्तव्यको पालन नगरेमा श्री ५ को सरकारले आवश्यक निर्देशन दिन वा व्यवस्था गर्न सक्ने छ र सो निर्देशनको पालन गर्नु त्यस्ता प्रत्येक स्थानीय पञ्चायतको र जिल्ला पञ्चायतको कर्तव्य हुनेछ ।

तर यस उप–दफा बमोजिम श्री ५ को सरकारले स्थानीय पञ्चायतलाई कुनै निर्देशन दिंदा वा व्यवस्था गर्दा सम्बन्धित जिल्ला पञ्चायत मार्फत् दिने वा गर्नेछ ।

१३. सामयिक कर असूल ऐन अन्तर्गत भएको काम–कारवाई सम्बन्धी व्यवस्थाः– (१) सामयिक कर असूल ऐन, २०१२ अन्तर्गतको आदेशबमोजिम झापा जिल्ला, बुधवारे गाउँ पञ्चायत इलाकामा लगाइएको कृषि तथा पञ्चायत विकास करको निर्धारण र सो कर असूल उपर गर्ने सम्बन्धमा यो ऐन प्रारम्भ हुनु भन्दा अगावै भए गरेको काम-कारवाईहरू यसै ऐनबमोजिम भए गरेको मानिने छ ।

तर सो आदेशबमोजिम लगाइएको कृषि तथा पञ्चायत विकास करको दर यस ऐनको दफा ४ मा लेखिएको दर भन्दा बढी हुनछैन ।

आधिकारिकता २५० विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिम कर उठाइएका जग्गाका सम्बन्धमा आर्थिक वर्ष २०२१।२२को निमित्त मालपोत वा भूमिकर असूल गरिने छैन ।

१४. नियम बनाउने अधिकारः– यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

१५. बाझिएमा गर्नेः– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूमा लेखिएको कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मिति २०२२।५।१४।२

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।